आज मिति २०७६।१०।२१ गते बाँकेमा जिल्लामा दिन प्रतिदिन बढ्दो सवारी दुर्घटनालाई व्यूँताउन गर्न श्रीमान् प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछानेको अध्यक्षतामा तपशिलको उपस्थितिमा बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

उपस्थिति

प्रमुख जिल्ला अधिकारी श्री प्रेमलाल लामिछाने

जि.प्र.का. बर्दिया, प्रहरी उपरीक्षक श्री माधव राज वास्तोला

स.प्र.वि., ३४ नं. हे.बा. सि.प्र.ना.उ श्री राजु शाह

माडव का.सहायक इलाका माडव

कृष्णसार यातायात प्रा.लि. अध्यक्ष सुशिल शर्मा

" " " महासचिव अतमाद अली सैयद

नेपाली कन्सल्ट प्रा.ली. [illegible] अर्याल

" " " विष्णु अर्याल

कल्याण कार कन्सल्ट संदिप खार

अथलक्ष्मी यातायात प्रा.ली. - हिम बहादुर नेपाल

रोटेडी बर्दिया नगुनायातायात अध्यक्ष राजु गजुरी

बर्दिया कृष्णसार यातायात व्यवसायी प्रा.लि. अध्यक्ष शम्भुराज जोशी

जि.प्र.का. बर्दिया प्र.ना.नि. लोकेन्द्र बि. मल्ल

जिल्ला प्रशासन कार्यालय, प्रशासकीय अधिकृत बालकृष्ण अधिकारी

निर्णयहरुः

१. यस जिल्लाको हुलाकी सडक खण्डमा बबई क्याम्पस अगाडी र तुलापुर चोक लगायत अन्य आवश्यक ठाउँमा ट्राफिक प्रहरीसंग सम्वन्वय गरी तत्काल जेब्रा क्रसिङ्ग र गति सीमित अंकित बोर्ड राख्ने व्यवस्था हुन हुलाकी राजमार्ग निर्देशनालय बाँकेलाई अनुरोध गर्ने ।

२. ट्रिपर र विङ्गर लगायतका सबै सवारी साधनहरुको तत्काल ओभर स्पीड नियन्त्रण गर्ने । शहरी क्षेत्रमा प्रति घण्टा २० कि.मी.मा नबढ्ने गरी यातायात व्यवसायी समिति/प्रा.ली.हरुले सवारी चालक तथा सवारी धनीहरुलाई आवश्यक निर्देशन गर्ने।

३. शहरी इलाकाका सवारी दुर्घटना हुन सक्ने बजार क्षेत्रमा संवेदनशिल सडक खण्डमा ट्राफिक विटको व्यवस्था तथा गस्ती बढाउने ।

४. गुलरिया नगरपालिका भित्रका सडक सुरक्षाको दृष्टिकोणले संवेदनशिल देखिएका स्थानहरुमा सिसिटिभी जडान गर्न गुलरिया नगरपालिकालाई अनुरोध गर्ने साथै सोको समन्वय जिल्ला ट्राफिक प्रहरी कार्यालयले गर्ने ।

५. सम्वन्धित यातायात व्यवसायीहरुसंग समन्वय गरी सम्वन्धित सवारी चालकहरुलाई ट्राफिक सचेतना सम्वन्धी कार्यक्रम सघन रुपमा संचालन गर्ने ।